# घ्याङलेख गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## हायुटार, सिन्धुली
### ३ नं. प्रदेश, नेपाल

**आन्तरिक कर ढुङ्गा, गिटि, बालुवा उत्खनन् तथा विक्रि सम्वन्धी सिलवन्दी वोलपत्र आह्वानको सूचना**

**प्रथम पटक प्रकाशित मितिः– २०७५/०८/२६**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ उपदफा (२) को खण्ड घ को (६) मा भएको व्यवस्था, स्वीकृत आ.ई.ई. र यस गाउँपालिकाको मिति २०७५/०८/१३ मा वसेको राजश्व परामर्श समिति तथा गाउँ कार्यपालिका वैठकको निर्णय अनुसार आ.व. २०७५/०७६ को लागि आन्तरिक कर संकलनको ठेक्का लगाउने भनि निर्णय भए अनुसार देहायका उल्लेखित स्थानहरुबाट ढुङ्गा, गिटी, वालुवा आदि उत्खनन् संकलन र जिल्ला भित्र तथा वाहिर निकासी गर्न कर उठाउनको लागि ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले तोकिएको दररेटमा स्वीकृत खोला तथा नदीहरुबाट स्वीकृत परिमाण भन्दा बढी उत्खनन् नहुने गरी ठेक्का लिन ईच्छुक ईजाजत प्राप्त व्यक्ति/फर्म/कम्पनीले छुट्टा छुट्टै वोलपत्र पेश गर्न तपशिल वमोजिमको शर्तहरुको अधिनमा रहि रितपूर्वकको सिलवन्दी वोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**ठेक्काको विवरणः**

| क्र. सं. | ठेक्का नं. | ठेक्काको क्षेत्र | न्यूनतम ठेक्का मूल्य रु. (मू.अ.कर बाहेक) | बोलपत्र फारम दस्तुर |
|---|---|---|---|---|
| १. | ०१/०७५/०७६ | सिम्ले खोलाको आसपासका ढुङ्गा,गिट्टी, वालुवा आदी | २७,४१,१७१।– | रु.३०००।– |
| २. | ०२/०७५/०७६ | मरिन खोलाको आसपासका ढुङ्गा,गिट्टी, वालुवा आदी | ८४,३८,०४१।– | रु.३०००।– |
| ३. | ०३/०७५/०७६ | ठाडो खोलाको आसपासका ढुङ्गा,गिट्टी, वालुवा आदी | १७,४७,९९३।– | रु.१०००।– |
| ४. | ०४/०७५/०७६ | रामपुर खोलाको आसपासका ढुङ्गा,गिट्टी, वालुवा आदी | २२,५६,५००।– | रु.३०००।– |
| ५. | ०५/०७५/०७६ | राङ्चा खोलाको आसपासका ढुङ्गा,गिट्टी, वालुवा आदी | ३३,४५,०२३।– | रु.३०००।– |
| ६ | ०६/०७५/०७६ | तामाजोर खोलाको आसपासका ढुङ्गा,गिट्टी, वालुवा आदी | २८,७६,२४३।– | रु.३०००।– |

**ठेक्का सम्वन्धि शर्तहरुः**

१। बोलपत्र फारम खरिद गर्दा व्यक्ति/फर्म/कम्पनीले फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी, नविकरण भएको दर्ता प्रमाण पत्रको प्रतिलिपि, आयकर दर्ताको प्रमाणपत्रको प्रतिलिपि, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्रको प्रतिलिपि तथा आ.व. २०७४।७५ सम्मको कर चुक्ताको प्रमाणित प्रतिलिपी पेश गर्नुपर्नेछ ।

२। बोलपत्र फारम बापत तोकिएको दस्तुर कार्यालयमा नगदै बुझाई नगदी रसिद सहित वा यस कार्यालयको रा.वा.बैंक सिन्धुलीमा रहेको खाता नं. १०६०३०४०३८३०९ मा दाखिला गरि सो को सक्कल भौचर सहित कार्यालय प्रमुखको दस्तखत र कार्यालयको छाँप लागेको छुट्टाछुट्टै वोलपत्र फारम यस कार्यालयबाट ३०(तीस) दिनभित्र खरिद गरिसक्नु पर्नेछ । खरिद गरिएको बोलपत्र फारम यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजेभित्र शिलबन्दि सहितको बोलपत्र यस कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ । यसरी दर्ता हुन आएको शिलबन्दि बोलपत्र ३१ औं दिनको २:०० बजे कार्यालयको प्रतिनिधिहरु र बोलपत्रदाताहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ । तर बोलपत्र खोल्ने समयमा बोलपत्रदाताको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा हुने छैन ।

३। वोलपत्र फारम खरिदको अन्तिम दिन तथा दाखिला गर्ने वा खोल्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु त्यस पछिको लगत्तै कार्यालय खुलेको दिन सोही समयमा उक्त कार्यहरु हुनेछ ।

४। ठेक्का लिने ईच्छुक व्यक्ति, फर्म वा कम्पनीले कबोल गरेको अंकको ५ प्रतिशत रकम धरौटी राख्नुपर्नेछ । धरौटी वापतको रकम राष्ट्रिय वाणिज्य वैंक सिन्धुलीमा रहेको धरौटी खाता नं. १०६०३०३००७१०९ मा जम्मा गरेको सक्कलै वैंक भौचर संलग्न गर्नुपर्नेछ ।

५। बोलपत्रदाताले आफूले कबोल गरेको ठेक्का रकम बोलपत्र फारममा अंक र अक्षरमा स्पष्ट रुपमा लेखि सहीछाप गरि खामबन्दी गरि शिल लाहाछाप लगाई खामको माथि आफ्नो नाम, ठेगाना, सम्पर्क नं. लेखी बोलपत्र दर्ता गराउनुपर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ र केरमेट भएको ठाउँमा सिलवन्दी बोलपत्रदाताको स्पष्टसँग सहिछाप भएको हुनुपर्नेछ ।

,

६। कुनै शर्त राखि पेश गरिएको सिलबन्दी वोलपत्र फारम स्विकार गर्ने वा नगर्ने एवं सूचना रद्ध गर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।

७। सूचना शर्त विपरित भएको, रीत नपुगेको र म्याद नाघी पेश हुन आएको वोलपत्र फारम उपर कुनै कारवाही गरिने छैन ।

८। यस ठेक्का सम्वन्धि सम्पूर्ण शर्तहरु सहितको सूचना यस कार्यालयको आधिकारिक वेवसाइट ghyanglekhmun.gov.np मा राखिएको छ । थप जानकारीको लागि गाउँ कार्यपालिकाको कार्यालय वा फोन नं. ९८५४०४१८९२ मा सर्म्पक राख्न सक्नु हुनेछ ।

९। माथि उल्लेखित वाहेकका अन्य विषयहरु गाउँ कार्यपालिकाको निर्णय अनुसार हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**